## नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

# बजार निर्मातासम्बन्धी कार्यविधि, २०७० (दोश्रो संशोधन २०७६ सहित)

**प्रस्तावना**

नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागले प्रचलित कानूनको अधीनमा रही नेपाल सरकारको तर्फबाट विभिन्न प्रकारका ऋणपत्रहरु निष्काशन गरी आन्तरिक ऋण उठाउने कार्य गर्दै आइरहेको छ । यस क्रममा लामो अवधिका ऋणपत्रहरुको प्राथमिक एवम् दोस्रो बजार कारोबारलाई प्रवर्द्धन गर्ने तथा व्यवस्थित बनाउने उद्देश्यले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त संस्थाहरुलाई हाल निष्काशन हुने तथा भइरहेका राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार मात्र गर्ने एवम् भविष्यमा नेपाल सरकारको तर्फबाट निष्काशन हुने अन्य ऋणपत्रको समेत प्राथमिक तथा दोस्रो बजार कारोबार गर्ने गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकका गभर्नरबाट देहायबमोजिम बजार निर्माताको इजाजतपत्र तथा शर्तहरुका सम्बन्धमा “बजार निर्मातासम्बन्धी कार्यविधि, २०७० (दोश्रो संशोधन २०७६ सहित)” बनाई जारी भएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम “बजार निर्मातासम्बन्धी कार्यविधि, २०७०” (दोश्रो संशोधन २०७६) रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ “बैंक” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

२.२ “विभाग” भन्नाले नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२.३ “बचतपत्र” भन्नाले आन्तरिक ऋण उठाउने प्रयोजनका लागि नेपाल सरकारको तर्फबाट विभागद्वारा निष्काशन हुने विभिन्न ऋणपत्रहरुमध्ये राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र सम्झनु पर्छ ।

२.४ “बजार निर्माता” भन्नाले बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न विभागबाट इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

२.५ “खरिद/बिक्री कर्ता” भन्नाले नेपाल सरकारको तर्फबाट विभागद्वारा निष्काशन हुने बचतपत्र खरिद गर्ने र सो बचतपत्रको भुक्तानी मितिअगावै बिक्री गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

२.६ “प्राथमिक कारोबार” भन्नाले बचतपत्रको शुरु निष्काशन गर्दाको बखतको कारोबारलाई सम्झनु पर्छ ।

२.७ “दोस्रो बजार कारोबार” भन्नाले खरिद गरेका बचतपत्रको भुक्तानी मितिअगावै बिक्री गर्ने वा पुनः खरिद गर्ने कारोबारलाई सम्झनु पर्छ ।

## ३. उद्देश्य

बचतपत्रको कारोबारलाई ब्यापक बनाउने, यसको बजारलाई प्रवर्द्धन गर्ने तथा व्यवस्थित बनाउने एवम् प्राथमिक तथा दोस्रो बजार कारोबारलाई सरल र पारदर्शी बनाउने रहेको छ ।

## ४. बजार निर्माताको इजाजतपत्र सम्बन्धी व्यवस्था

४.१ इच्छुक संस्थाले बजार निर्माताको नयाँ इजाजतपत्र लिन चाहेमा तोकिए बमोजिमको दस्तुर र तोकिए बमोजिमका कागजातसहित जुनसुकै समयमा विभागमा रीतपूर्वकको आवेदन पेश गर्न सक्नेछन् ।

४.२ इजाजतपत्र प्राप्त संस्थाहरुले बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्नको लागि विभागबाट बजार निर्माताको इजाजतपत्र लिनुपर्नेछ ।

४.३ बजार निर्माताले आफ्नो इजाजतपत्रको बहाल अवधि समाप्त हुनु अगावै नवीकरणको लागि तोकिए बमोजिमको आवेदन दस्तुर र तोकिए बमोजिमका कागजातसहित विभागमा आवेदन दिनुपर्नेछ ।

४.४ ईच्छुक संस्थाहरुले बजार निर्माताको नयाँ इजाजतपत्रको लागि वा पुरानो इजाजतपत्र नवीकरणको लागि वा इजाजतपत्रको प्रतिलिपिको लागि आवेदन साथ बुँदा नं. ४.७ अनुसारको दस्तुर बुझाएको भौचर पेश गर्नुपर्नेछ ।

४.५ नयाँ इजाजतपत्रको लागि बजार निर्माताको आवेदन गर्ने संस्थाहरुले आवेदन फारमसाथ देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ :

(क) पछिल्लो आर्थिक वर्षको वित्तीय प्रतिवेदन,

(ख) प्रबन्धपत्र र नियमावली,

(ग) वित्तीय कारोबार गर्न प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि र

(घ) इजाजत दस्तुर बापतको रकम बुझाएको भौचरको सक्कल प्रति ।

४.६ इजाजतपत्र नवीकरणको लागि आवेदन फारमसाथ देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ :

(क) साविकको इजाजतपत्रको सक्कल प्रति,

(ख) पछिल्लो आर्थिक वर्षको वित्तीय प्रतिवेदन र

(ग) इजाजत दस्तुर बापतको रकम बुझाएको भौचरको सक्कल प्रति ।

४.७ **बजार निर्माताको इजाजतपत्रको दस्तुरसम्बन्धी व्यवस्था**

(**क**) बजार निर्माताको नयाँ इजाजतपत्र लिन **रु. १५,०००।- (अक्षरेपि पन्ध्र हजार रुपैयाँ मात्र**) वा पुरानो इजाजतपत्र नवीकरणको लागि **रु.१०,०००।- (अक्षरेपि दश हजार रुपैयाँ मात्र**) आवेदन दस्तुर बुझाउनु पर्नेछ । तोकिएको समयभित्र नवीकरणको लागि आवेदन पेश नगर्ने संस्थाले तोकिएको समयपश्चात् ३० दिनभित्र आवेदन दिएमा **रु. २,५००।- (अक्षरेपि दुई हजार पाँच सय रुपैयाँ मात्र**) थप दस्तुर लाग्ने छ ।

(ख) यस विभागबाट जारी गरेको बजार निर्माताको सक्कल इजाजतपत्र हराएर, झुत्रो भई नाशिएर, च्यातिएर **प्रतिलिपि** माग भई आएमा नवीकरणवापत् लाग्ने दस्तुरको आधा रकम यस बैंकको ना.नो.आ.हि (फुटकर) मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी निवेदन प्राप्त हुन आएमा विभागबाट बजार निर्माताको इजाजतपत्रको प्रतिलिपि प्रदान गरिनेछ ।

**(ग)** यस विभागबाट जारी गरेको बजार निर्माताको सक्कल इजाजतपत्र हराएर, झुत्रो भई नाशिएर, च्यातिएर नवीकरणको समयमा बजार निर्माताको इजाजतपत्रको सक्कलवाहेक अन्य तोकिएबमोजिम कागजात पेश गरी बजार निर्माताको इजाजतपत्र नवीकरणको लागि निवेदन पेश गरेमा नवीकरण दस्तुर तथा नवीकरणमा लाग्ने दस्तुरको थप आधा रकम यस बैकको ना.नो.आ.हि (फुटकर) मा जम्मा गरेको भौचर पेश गरेमा खुला बजार सञ्चालन समितिको निर्णयानुसार गरिनेछ ।

४.८ बजार निर्माताको इजाजतपत्रप्राप्त गर्नको लागि आवश्यक योग्यता

(क) बैंकबाट “क” वा “ख” वा “ग” वर्गको वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त गरेको संस्था वा यस बैंकले तोकेका अन्य संस्था हुनुपर्नेछ ।

(ख) विभागबाट समय समयमा वा आवश्यकता अनुसार गरिने बजार निर्माताको निरीक्षणका क्रममा यसै कार्यविधिको बुँदा नं. ५ मा तोकिएका शर्तहरुको पूर्ण रुपमा पालना गर्ने गरेको हुनुपर्नेछ ।

(ग) यस बैंकको नियमन तथा निर्देशन पालना नगरेको, पर्याप्त पुँजीकोष कायम नगरेको, निरीक्षण तथा सुपरीवेक्षणका क्रममा गम्भीर समस्या देखिएको लगायतका कारण देखाई सम्बन्धित विभागबाट बजार निर्माताको इजाजतपत्र दिन उपयुक्त

नभएको सिफारिश भएमा, त्यस्ता संस्थालाई बजार निर्माताको इजाजतपत्र दिन बैंक बाध्य हुने छैन ।

(घ) बजार निर्माताको हैसियतले गर्नुपर्ने कार्यहरु पूरा गरेको हुनुपर्नेछ ।

(ङ) कारोबार गर्दा यस कार्यविधिमा तोकिएका शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

४.९ रीतपूर्वकको आवेदन विभागमा पेश हुन आएमा प्राप्त आवेदनउपर छानवीन गरी योग्य देखिएमा खुला बजार सञ्चालन समितिको निर्णयानुसार विभागले ३ वर्षको लागि बजार निर्माताको नयाँ इजाजतपत्र प्रदान गर्ने तथा पुरानो इजाजतपत्र नवीकरण गर्नेछ ।

४.१० विभागीय निरीक्षणको क्रममा तोकिएका शर्तहरु पालना गरेको नपाइएमा त्यस्ता बजार निर्माताको इजाजतपत्र कुनै पनि समयमा निलम्वन वा रद्द गर्न सकिनेछ ।

४.११ इजाजतपत्रको बहाल अवधिभर कुनै पनि समयमा कुनै पनि इजाजतपत्रप्राप्त बजार निर्माता बैंकको कारवाहीमा परेको खण्डमा उक्त बजार निर्माताको इजाजतपत्र स्वतः रद्द भएको मानिनेछ ।

४.१२ समयमै पुरानो इजाजतपत्र नवीकरणको लागि आवेदन पेश नगर्ने बजार निर्माताको इजाजतपत्र स्वतः रद्द भएको मानिनेछ ।

४.१३ इजाजतपत्र रद्द भएका वा निलम्वनमा परेका बजार निर्माताले बजार निर्माताको हैसियतले कुनै पनि कारोबार गर्न पाउने छैनन् ।

४.१४ बजार निर्माताको इजाजतपत्र सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ ।

## ५. बजार निर्माताको लागि तोकिएका शर्तहरु

५.१ बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको र दैनिक खरिद बिक्री गरेको ऋणपत्रहरुको विवरण कारोबार भएकै दिन संलग्न अनुसूची ६(क) बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागमा फ्याक्स वा अन्य छिटो साधनबाट पठाउनु पर्नेछ । कारोवारको मासिक विवरण अनुसूची ६(ख) बमोजिम महिना समाप्त भएको सात दिनभित्र यस विभागमा पठाउनु पर्नेछ ।

५.२ बजार निर्माताले खरिद गरेको ऋणपत्र र सो को ब्याज भुक्तानी पुर्जा आफ्नो विशेष खातामा राख्नको लागि खरिद गरेको मितिले ३ दिनभित्र नेपाल राष्ट्र बैंकमा दाखिला गरी सक्नु पर्नेछ । म्यादभित्र दाखिला नगरेमा बजार निर्माताले खरिद गरेको मितिदेखि नै उक्त ऋणपत्रमा पाउने ब्याजदरमा २ प्रतिशतका दरले थप ब्याज हर्जानास्वरुप यस बैंकलाई बुझाउनु पर्नेछ ।

५.३ बजार निर्माताले आफ्नो संस्थाको कुल चुक्ता पूँजीको ५ प्रतिशतसम्म सरकारी ऋणपत्रको मौज्दात बजार निर्माण कार्यको लागि आफ्नो स्वामित्वमा राख्न पाउने छन् । सो मौज्दात बाँकी रहेसम्म ग्राहकहरुले माग गरेको बखत तुरुन्त बिक्री गर्नु

पर्नेछ । चुक्ता पूँजीको ५ प्रतिशतभन्दा बढी मौज्दात आफ्नो स्वामित्वमा रहेमा उक्त बढी भएको रकमको ऋणपत्र यस बैंकलाई ३ दिन भित्रमा बिक्री गर्नु पर्नेछ । यसरी ३ दिनभित्र बिक्री नगरेमा दफा ५.२ मा उल्लेखित हर्जाना दरमा थप १ प्रतिशत ब्याज हर्जाना लाग्नेछ ।

५.४ बुँदा नं. ५.३ बमोजिमको ऋणपत्र यस बैंकलाई कार्यालय खुलेको दिनको ११:३० बजे भित्र पत्र दर्ता गरी यस बैंकलाई बिक्री गरी सक्नु पर्नेछ । अन्यथा ११:३० बजेपछि प्राप्त भएको ऋणपत्रको कारोबारको हिसाब भोलिपल्ट मात्र प्राप्त भएको मानी सोही बमोजिम कारवाही गरिने छ ।

५.५ सरकारी ऋणपत्रहरुको खरिद बिक्री कारोबारको हिसाब कारोबार भएकै दिन हिसाब मिलान गरी सक्नु पर्नेछ ।

५.६ सरकारी ऋणपत्र खरिद बिक्री कारोबारको हिसाब छुट्टै राख्नु पर्नेछ, अन्य हिसाबसँग मिलाएर राख्न पाइने छैन । यसरी राखिएको हिसाब किताब नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग वा यस बैंकको अधिकार प्राप्त निकायले कुनै पनि समयमा निरीक्षण गर्न सक्नेछ ।

५.७ बजार निर्माताले यस बैंकको विशेष खातामा आफ्नो स्वामित्वमा रहेको ऋणपत्रको मौज्दातभन्दा बढी हुने गरी ग्राहकलाई ऋणपत्र बिक्री गर्न पाउने छैन ।

५.८ बजार निर्माण कार्यको लागि संस्थासँग रहेको ऋणपत्र यस बैंकमा रहेको उक्त संस्थाको विशेष खातामा राखिने छ । दैनिक किनबेचबाट भएको हेरफेरको हिसाब मिलान यसै खाताबाट गरिने छ । कुनै ऋणपत्र धनीले बिक्री गरेको ऋणपत्र यस विभागमा रहेको विशेष खातामा राख्न नपठाई सोझै अन्य ग्राहकलाई बिक्री गर्न पाइने छैन । बजार निमार्ताले आफ्नो विशेष खाताबाट ग्राहकलाई ऋणपत्र बिक्री गर्नु परेमा अनुसूची २ र अनुसूची ५ बमोजिमको फारम भरी तथा भर्न लगाई "बचतपत्र खरिद गर्न आउँदा अपनाउनु पर्ने प्रक्रिया" को फारम भरी खरिदकर्ताको नागरिकताको प्रमाण पत्रको छविचित्र संलग्न गरी राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

५.९ बजार निर्माताले बचतपत्र खरिद गर्नु पर्दा सो बचतपत्र आफ्नो नाममा दरपीठ गरी अनुसूची २ (क) वा अनुसूची २ (ख) र अनुसूची ३ बमोजिमको फारमका साथै "बचतपत्र बेच्न आउँदा अपनाउनु पर्ने प्रक्रिया" को फारम भरी राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ । अनुसूची २ (ख) बमोजिम खरिद भएको ऋणपत्र भए बिक्रेताको नागरिकताको प्रमाणपत्रको छविचित्र समेत पेश गर्नु पर्नेछ ।

५.१० नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागवाट प्राथमिक निष्काशनको समयमा संस्थाहरुले मात्र खरिद गर्न सक्ने गरी निष्काशन भएका तथा संस्थाको नाममा प्रमाणपत्र बनेका नेपाल सरकारको ऋणपत्र मात्र बैंक तथा वित्तीय संस्थाहरुले खरिद गरी आफ्नो नाममा नामसारी गर्न पाउने छन् । यसरी खरिद गरेको जानकारी राष्ट्र

ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ । यस विभागले व्यक्तिका लागि मात्र निष्काशन गरेका ऋणपत्र र व्यक्तिको नाममा प्रमाणपत्र बनेका ऋणपत्र बैंक तथा वित्तीय संस्थाले आफ्नो स्वामित्वमा रहने गरी खरिद गर्न र आफ्नो नाममा नामसारी गर्न पाइने छैन । निश्चित क्षेत्र, समूह तथा उप-समूहबीच मात्र खरिद बिक्री हुने गरी निष्काशन भएका ऋणपत्रहरु बजार निर्माताले खरिद मात्र गर्न सक्नेछन् । यस्ता ऋणपत्रहरु बिक्रीको लागि यस विभागबाट इजाजत लिनु पर्नेछ ।

५.११ संस्थाबाट खरिद गरी आफ्नो विशेष खातामा जम्मा गरेको रकम अन्य संस्थालाई बिक्री गर्नु पर्दाको अवस्थामा सो रकम कुन संस्थावाट कुन ऋणपत्र कुन मितिमा खरिद गरेको हो सोको स्पष्ट विवरण भरी नियमानुसार यस विभागमा पठाउनु पर्नेछ । सो विवरण नियमानुसार रहेको खण्डमा मात्र यस विभागवाट संस्थाको नाममा प्रमाणपत्र उपलव्ध गराइने छ ।

५.१२ बिक्री गर्न ल्याएको जुनसुकै ब्याजदर र जतिसुकै रकमको ऋणपत्र बजार निर्माताले खरिद गर्नु पर्नेछ । बजार निर्माताले आफ्नो स्वामित्वमा भएको सरकारी ऋणपत्रको विस्तृत विवरण (ऋणपत्रको किसिम, ब्याजदर, भुक्तानी मिति, आर्जित ब्याजमा ब्याजकर लाग्ने वा नलाग्ने आदि) सबैले देख्ने गरी आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

५.१३ बुँदा नं. ५.३ बमोजिम बजार निर्माताको स्वामित्वमा भएको ऋणपत्र ग्राहकहरुबाट माग भएमा जुनसुकै ब्याजदर र जतिसुकै रकमको भएता पनि तुरुन्त बिक्री गर्नु पर्नेछ । माग भएको ऋणपत्र बिक्री नगरी आफ्नो स्वामित्वमा राखी राख्न पाइने छैन । त्यस्तो कार्य गरेको जानकारी प्राप्त भएमा बजार निर्माताको इजाजतपत्र रद्द गर्न समेत सकिने छ ।

५.१४ ऋणपत्रको खरिद-बिक्री गर्दा बजार निर्माताले लिने कमिशनको दर यसै शर्तको अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ । ग्राहकसँगको आपसी समझदारीको आधारमा बजार निर्माताले अनुसूची १ मा तोकिएकोभन्दा कम दरमा कारोबार गर्न सक्नेछन् तर तोकिएको दरभन्दा बढी दरमा ग्राहकसँग कमिशन लिन पाउने छैनन् ।

५.१५ नेपाल राष्ट्र बैंकले कारोबार गर्न दिएको अख्तियारीको म्यादअगावै बजार निर्माताले ऋणपत्रको कारोबार बन्द गर्न चाहेमा १५ दिनअगावै नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागबाट पूर्व स्वीकृति लिनु पर्नेछ र कारोबार बन्द गर्नुअगावै आफूसँग भएको सम्पूर्ण ऋणपत्र नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागलाई हस्तान्तरण गर्नुपर्नेछ ।

५.१६ ऋणपत्र खरिद बिक्री गर्ने सम्बन्धमा ग्राहक र बजार निर्माताको बीचमा कुनै विवाद उठेमा सो विवादउपर नेपाल राष्ट्र बैंकबाट गरिएको निर्णय दुवै पक्षले बाध्यात्मक रुपमा पालना गर्नुपर्नेछ ।

५.१७ बजार निर्माताहरुले खरिद गरेको विभिन्न ऋणपत्रहरु यस विभागमा रहेको आफ्नो विशेष खातामा जम्मा गर्न पठाउँदा सो ऋणपत्रहरुको साँवाबराबर हुने रकम सर्वप्रथम जम्मा गरिने छ । त्यसरी जम्मा भइसकेपछि मात्र बजार निर्माताहरुले आफ्नो विशेष खातामा रहेको रकमबाट पटक पटक अन्य ऋणपत्र खरीदकर्तालाई सोही खाता खर्च हुने गरी बिक्री गर्न सक्नेछन् । यसरी बिक्री गरी आफ्नो विशेष खातामा मौज्दात बाँकी भएको ऋणपत्रको ब्याज भुक्तानी मितिका दिन बजार निर्माताको यस बैंकमा रहेको खातामा जम्मा गरिने छ ।

५.१८ बजार निर्माताहरुले आफ्नो विशेष खातामा चुक्ता पूँजीको ५ प्रतिशतभन्दा बढी रकम जम्मा भएमा यस विभागलाई खरिद गर्न अनुरोध गर्नु पर्नेछ । विभागले यसरी विशेष खाताबाट खरिद गरेको ऋणपत्रको साँवा तथा ब्याज रकम (ब्याजमा नियमानुसार करकट्टी गर्नु पर्ने भए कट्टा गरी) सम्बन्धित संस्थाको बैंकिङ कार्यालय वा जिल्लास्थित कार्यालयमा रहेको खातामा जम्मा गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिइने छ । साथै बजार निर्माताले आफ्नो विशेष खातामा चुक्ता पूँजीको ५ प्रतिशतभन्दा कम रकमको ऋणपत्र मौज्दात भएको अवस्थामा पनि यस विभागलाई ऋणपत्र खरिद गरीदिन अनुरोध गर्न सक्नेछ । यस्तो अनुरोध भई आएमा विभागले ऋणपत्र खरिद गरी दिनेछ ।

५.१९ बजार निर्माताले कुनै पनि ऋणपत्र खरिद गर्दा ऋणपत्रको धनीलाई निजको स्वामित्वमा उक्त ऋणपत्र रहेको अवधिको पूरै ब्याज भुक्तानी गरेर मात्र खरिद गर्नु पर्नेछ ।

५.२० बजार निर्माताले ऋणपत्रको अग्रभागमा भएको धनीको दस्तखत भिडाई सो दस्तखत यकीन भएपछि मात्र खरिद गर्नु पर्नेछ । कुनै पनि निष्काशित ऋणपत्रको अग्रभागमा धनीले दस्तखत नगरेको ऋणपत्र बजार निर्माताले खरिद गर्नु परेमा सो ऋणपत्रको पृष्ठ भागमा यस विभागवाट धनीको दस्तखत प्रमाणित गर्नु पर्ने स्थानमा प्रमाणित भएको ऋणपत्र मात्र खरिद गर्नु पर्नेछ । त्यस्तो प्रमाणित नभएको ऋणपत्र खरिद गरी त्यसबाट कुनै किसिमको विवाद उत्पन्न भएमा त्यससम्बन्धी सम्पूर्ण जिम्मेवारी स्वयं बजार निर्माता हुनेछ ।

५.२१ बजार निर्माताको नयाँ इजाजतपत्र लिन वा नवीकरण गर्न वा प्रतिलिपिको निमित्त आवेदन दिने संस्थाले आवेदन दस्तुर बापतको रकम बैंकको बैंकिङ्ग कार्यालयस्थित नाफा नोक्सान आम्दानी हिसाब फुटकर (१२००००/०३०-०१२-५२४) मा जम्मा गर्नुपर्नेछ ।

५.२२ बजार निर्माताको इजाजतपत्र रद्द भएका वा नवीकरण नगरिएका संस्थाको यस विभागमा रहेको विशेष खातामा सरकारी ऋणपत्रहरुको मौज्दात बाँकी भएमा बैंकले खरिद गरी सो वापतको हुने साँवा तथा ब्याज रकम फिर्ता भुक्तानी दिनेछ ।

५.२३ रु. एक करोड वा सोभन्दा बढी रकमको चुक्ता पूँजी भएका बजार निर्माताहरुले हरेक निष्काशनको प्राथमिक बजारमा जतिसुकै रकमको पनि कारोबार गर्न सक्नेछन् । तर रु. एक करोड भन्दा कम चुक्ता पुँजी भएका बजार निर्माताले प्रत्येक निष्काशनमा आफ्नो चुक्ता पूँजीको चार गुणाभन्दा बढी रकम प्राथमिक निष्काशनमा संकलन गर्न सक्ने छैनन् ।

५.२४ प्राथमिक निष्काशनमा व्यक्तिहरुबाट संकलन भएको रकम सोही दिन अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकमा जम्मा गर्न पठाउनु पर्नेछ साथै सोही दिन आवेदन फारम र रकमको विवरण सहितको जानकारी यस विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ । ऋणपत्र खरिद गर्ने फारमको तोकिएको महलमा बजार निर्माताको छाप र आधिकारिक दस्तखत अनिवार्य रुपमा भएको हुनु पर्नेछ ।

५.२५ बजार निर्माताहरुले आफूलाई पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैंकमा कारोबार संचालनको लागि अनिवार्य रुपमा खाता खोल्नु पर्नेछ । साथै ऋणपत्रको कारोबार गर्दा संस्थाको तर्फबाट कारोबार सञ्चालन गर्न अधिकारप्राप्त कम्तीमा दुईजना कर्मचारीको हस्ताक्षर नमुना कार्ड भरी यस विभागमा पठाउनु पर्नेछ । यदि यस्ता कर्मचारीहरु परिवर्तन भएमा नयाँ दस्तखत नमुना कार्ड भरी सो को जानकारी तुरुन्तै यस विभागलाई दिनु पर्नेछ । नयाँ हस्ताक्षर नमुना कार्ड प्राप्त भएपछि पुरानो नमुना कार्ड स्वतः रद्द भएको मानिनेछ ।

५.२६ बजार निर्माताले पालना गर्नुपर्ने उपरोक्त शर्तहरु नेपाल राष्ट्र बैंकले समय समयमा थपघट गर्नसक्नेछ । यसरी थपघट गरिएका शर्तहरु बजार निर्माताले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संशोधन) र बजार निर्माताहरुले पालना गर्नुपर्ने यस शर्तहरुको उल्लङ्घन गरेको पाइएमा नेपाल राष्ट्र बैंकले जुनसुकै समयमा पनि बजार निर्माताको इजाजत पत्र रद्द गर्न सक्नेछ ।

## ६. व्याख्या गर्ने अधिकार

यस कार्यविधिमा कुनै अस्पष्टता भएमा सोको व्याख्या गर्ने अधिकार यस बैंकमा निहित रहनेछ ।

## ७. खारेजी र बचाउ

७.१ "सरकारी ऋणपत्रको कारोबार गर्ने बजार निर्मातालाई तोकिएका शर्तहरु" खारेज गरिएको छ ।

७.२ उक्त शर्तहरुको बुँदा नम्बर ५ मा उल्लिखित शर्तहरुबमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

## अनूसुची - १

### बजार निर्माताले दोस्रो बजार कारोबार गरेवापत ग्राहकसँग लिन पाउने कमिशन दर

| **रकम** | **कमिशन दर (प्रतिशतमा)** |
|---|---|
| रु. १ लाखसम्म | ०.५० |
| रु. १ लाखभन्दा माथि रु. ५ लाखसम्म | ०.४० |
| रु. ५ लाखभन्दा माथि रु. १० लाखसम्म | ०.३० |
| रु. १० लाखभन्दा माथि रु. ५० लाखसम्म | ०.२० |
| रु. ५० लाखभन्दा माथि | ०.१० |

अनुसूची-२(क)

मितिः २० / /

(ग्राहकले ऋणपत्रको पूरै अंकित मूल्य बिक्री गरेमा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।
बिषयः नामसारी गरी दिने बारे ।
महाशय,

मेरो/हाम्रो स्वामित्वमा रहेको रु............................ को नेपाल सरकारद्वारा निष्काशित क्रमसंख्या .................. देखि ....................... सम्मको ................. प्रतिशत विकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र स्टक/प्रमिशरी नोट थान ...... र त्यसमा मिति ............................ सम्म दिन .......... को ब्याज लिई मैले/हामीले ................................................लाई बिक्री गरी दिएकोले उक्त ऋणपत्र स्टक/प्रमिशरी नोटहरु मिति ................... देखि उक्त कम्पनीको नाममा नामसारी गरी दिनुहुन अनुरोध गर्दछु ।

नागरिकता नं......................
जिल्ला...............................

भवदीय,

दस्तखतः
नामः
ठेगानाः
संस्था भएमा संस्थाको छापः

...................................................................................................................

प.सं.
च.नं.
श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।
महाशय,

आवेदकले उक्त उल्लेख गरे बमोजिमको उपरोक्त स्टक/प्रमिशरी नोट यस कम्पनीले खरिद गरेकोले यस कम्पनीको त्यस बैंक स्थित विशेष खातामा राखी दिनुहुन उक्त ऋणपत्र/स्टक/प्रमिशरी नोट र सोको ब्याज भुक्तानी पुर्जा क्रमसंख्या ............. देखि ................ सम्म थान ................ यसैसाथ संलग्न गरी पठाइएको छ ।

नत्थीः १) ऋणपत्र थान ..............
२) ऐ. को ब्याज भुक्तानी पुर्जा थान ........
३) नामसारी दस्तुर रु.१ ।- को टिकट

मितिः

नामः
दस्तखतः
कम्पनीको छापः

अनुसूची - २(ख)

मितिः २० / /

(ग्राहकले ऋणपत्रको अंकित मुल्यभन्दा घटी बिक्री गरेमा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।

महाशय,
बिषयः नामसारी गरी दिने बारे ।
मेरो/हाम्रो स्वामित्वमा रहेको नेपाल सरकारद्वारा निष्काशित क्रमसंख्या ................. देखि....................... सम्मको ................. प्रतिशत विकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्रस्टक/प्रमिशरी नोट थान ....... को रु...................।( मध्ये रु. ...................।( र त्यसमा मिति......................... सम्म दिन .......... को ब्याज लिई मैले/हामीले ..........................................लाई बिक्री गरी दिएकोले उक्त ऋणपत्र स्टक/प्रमिसरी नोटहरु मिति .................. देखि उक्त कम्पनीकोनाममा नामसारी गरी दिनुहुन अनुरोध गर्दछु । साथै बाँकी रु. ............................।( को नयाँबचतपत्र मेरो/हाम्रो नाममा बनाई पठाई दिनुहुन समेत अनुरोध गर्दछू ।

नागरिकता नं.............
जिल्ला.....................

भवदीय,

दस्तखतः
नाम
ठेगानाः
संस्था भएमा संस्थाको छापः

........................................................................................................................

प.सं.
च.नं.
श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।

महाशय,
आवेदकले उक्त उल्लेख गरे बमोजिमको उपरोक्त स्टक/प्रमिशरी नोट यस कम्पनीले खरिद गरेकोले यस कम्पनीको त्यस बैंक स्थित विशेष खातामा राखी दिनु हुन उक्त ऋणपत्र स्टक/प्रमिशरी नोट र सोको ब्याज भुक्तानी पुर्जा क्रमसंख्या ............ देखि ................ सम्म थान ........ यसैसाथ संलग्न गरी पठाइएको छ । साथै आवेदकले माथी निवेदन गरे बमोजिमको बाँकी रु. ..................।( रकमको नयाँ बचतपत्र निजको नाममा बनाई पठाई दिनु हुन अनुरोध गर्दछु ।

नत्थीः १) ऋणपत्र थान ...........
२) ऐ. को ब्याज भुक्तानी पुर्जा थान.....
३) नामसारी दस्तुर रु.१ ।- को टिकट
४) आवेदकको नागरिकता वा अन्य परिचयको श्रोतको प्रतिलिपि

नामः
दस्तखतः

मितिः

कम्पनीको छापः

## अनुसूची-३

मितिः २० / /

<u>ऋणपत्र बिक्री सम्बन्धी कबुलियतनामा</u>

लिखितम................................................................................................................ आगे ......................................बस्ने म ............................................................... को मेरो नाममा रहेको एकलौटी हक भोग रु. ................ (अक्षरेपि रुपैयाँ ............................................................................. मात्र) को नेपाल सरकारको .... प्रतिशत राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र विकास ऋणपत्र स्टक/प्रमिशरी नोट ................ क्रमसंख्या ................को साँवा र हिजोको मितिसम्मको ब्याज लिई त्यस ............. कम्पनी लिमिटेडको नाममा आजकै मितिदेखि हक भोग छाडी बिक्री गरी दिएको छु । उक्त बचतपत्र नामसारी गराई भोग चलन गर्नु होला । कथम्कदाचित उक्त बचतपत्र नामसारी हुन नसके वा पछि कुनै व्यहोराले कच्चा ठहरेमा त्यस बापतको रकम मेरा घर घरानावाट असुल उपर गरी लिनु होला भनी मेरो मन्जुरीले यो कबुलियतनामा गरी दिएको छु ।

ईति सम्वत् २० साल .................... महिना .................. गते रोज ................ शुभम् ।

बिक्री गर्नेः

नामः

दस्तखतः

ठेगानिः

संस्था भएमा संस्थाको छापः

# अनुसूची -४

मितिः २० / /

(संस्थाको नाम)

( ठेगाना )

विषयः ऋणपत्र खरिद सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा निवेदन छ कि ............................ अञ्चल ....................... जिल्ला.......................... गा.वि.स. / न.पा. / का.म.न.पा. वडा नं. ............... बस्ने वर्ष ...........को ..................................... को नाती / नातिनी .................................. को छोरा / छोरी म / हामी .....................................................ले त्यस संस्था मार्फत बिक्री वितरण हुने २०.... को ब्याजदर .................... को नेपाल सरकारबाट निष्कासित राष्ट्रिय बचतपत्र / नागरिक बचतपत्र / बिकास ऋणपत्र खरिद गर्न ईच्छा भएकोले खरिद गर्न पाउन स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु / छौं । उपरोक्त बमोजिम ऋणपत्र दिलाई पाउन अनुरोध छ । साथै यसै निवेदनका साथ नागरिकता प्रमाणपत्रको फोटोकपी / परिचयको श्रोतको फोटोकपी पेश गरेको छु / गरेका छौं ।

निवेदकको दस्तखतः

नामः

ठेगानाः

टेलिफोनः

नागरिकता नं.

जिल्लाः

संस्था भएमा संस्थाको छापः

अनुसूची - ५

मितिः २० / /

(बजार निर्माताले बिक्री गर्दा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाण्डौ, नेपाल ।
महाशय,
विषयः ऋणपत्र खरिद गर्ने बारे ।

........................ कम्पनी लिमिटेडको स्वामित्वमा रहेको रु................ को .......... प्रतिशत राष्ट्रिय बचतपत्र/ नागरिक बचतपत्र/ विकास ऋणपत्र २०...... हिजोका मितिसम्मको ब्याज समेत बुझाई मैले/हामीले खरिद गरेको हुँदा उक्त बचतपत्र एकीकरण गरी निम्नानुसार मेरो/हाम्रो नाममा नामसारी निष्काशन गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

| बचतपत्रको किसिम | दर | थान | रकम |
|---|---|---|---|

भवदीयः

दस्तखतः
नामः
ठेगानाः

नागरिकता नं. ...............
जिल्ला...........................
टेलिफोन नं. ................
संस्थाभएमा संस्थाको छापः

..........................................................................................................................

प.सं.
च.नं.
श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
काठमाडौं, नेपाल ।
महाशय,

उपरोक्त अनुसार रु. ..................... (अक्षरेपि रुपैयाँ .......................................................................) को राष्ट्रिय बचतपत्र/ नागरिक बचतपत्र/ विकास ऋणपत्र.............................. यस वित्त कम्पनीले मिति ....................... मा .................... बस्ने श्री...................................... लाई त्यस बैंक स्थित यस वित्त कम्पनीको विशेष खाताको मौज्दातबाट बिक्री गरेको हुँदा उक्त मितिदेखि उपरोक्त रकमको बचतपत्र निजको नाममा नामसारी निष्काशन गरी पठाई दिनु हुन अनुरोध गर्दछौं ।

नत्थीः १) नागरिकता वा परिचयको अन्य श्रोतको प्रतिलिपि

नामः नामः
दस्तखतः दस्तखतः

(यस बैंकमा रहेको नमूना
अनुसार दस्तखत हुनु पर्ने)

मितिः

कम्पनी छापः

अनुसूची - ६(क)

..........................

...................

पत्रसंख्या: मितिः २० / /

श्री नेपाल राष्ट्र बैक

राष्ट्र ऋण व्यवस्थापन विभाग

काठमाडौं, नेपाल ।

महाशय,

आज मिति .......................... का दिन .................................................. ले खरिद/बिक्री गरिएको बचतपत्रहरुको कारोबारको विवरण तथा .................................. को स्वामित्वमा रहेको मौज्दात विवरण निम्न बमोजिम भएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं. | ऋणपत्रको नाम | अघिल्लो मौज्दात (रु.) | खरिद(रु.) | बिक्री(रु.) | आजको बाँकी मौज्दात (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | **जम्मा** | | | | | |

भवदीय,

तयार पार्ने चेक गर्ने अधिकृत

अनुसूची - ६(ख)

.........................

..................

पत्रसंख्याः मितिः २० / /

श्री नेपाल राष्ट्र बैक

राष्ट्र ऋण व्यवस्थापन विभाग

काठमाण्डौ, नेपाल ।

महाशय,

यस...................................... ले कारोबार गरेको................साल.............मसान्तको ऋणपत्रहरुको मौज्दात विवरण देहाय बमोजिम भएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं. | ऋणपत्रको नाम | अघिल्लो मौज्दात (रु.) | खरिद(रु.) | बिक्री(रु.) | आजको बाँकी मौज्दात (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | **जम्मा** | | | | | |

भवदीय,

तयार पार्ने		चेक गर्ने		अधिकृत

## ऋणपत्र खरिद गर्दा अपनाउनु पर्ने प्रक्रिया

१. बचतपत्र खरिद गर्न आउने व्यक्तिबाट अनुसूची- ५ बमोजिमको दरखास्त फारम भराई नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा छविचित्र लिने ।

२. लिनु पर्ने रकम गणना गर्ने तरीकाः

(क) राष्ट्रिय/नागरिक बचतपत्रको अंकित रकम रु.

............... थान दर रु.................... ले रु......................

................ थान दर रु.................... ले रु......................

रु........................

(ख) खरिद गरेको अघिल्लो दिन सम्मको जम्मा दिन ...... को ब्याज (वर्षको ३६० र महिनाको ३० दिनको हिसावले रु........................

(ग) कमिशन रु. .................. मा ........... छ ले रु........................

जम्मा रु.......................

३. आयकर लाग्ने भएमा २(ख) मा उल्लेखित ब्याज रकमको..........छ ले फिर्ता गर्नु पर्ने जम्मा

रु..................................

जम्मा लिनु पर्ने (२-३) रु........................

(अक्षरेपि ........................................................................................... )

४. नामसारी प्रक्रियाः (उपरोक्त बिक्री गरिएको बचतपत्र निजको नाममा नामसारीको लागि निवेदन साथ नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ तथा सो प्राप्त भई आएपछि बचतकर्तालाई बुझाउनु पर्नेछ ।

ऋणपत्र बेच्न आउँदा अपनाउनु पर्ने प्रक्रिया

१. ऋणपत्र बेच्न आउने व्यक्ति सो को सही धनी हो भन्ने यकिन गरी मात्र बचतपत्र खरिद गर्नुपर्नेछ । बचतपत्रको धनीको दस्तखत वा दरपीठ गरी बिक्री भैसकेको भए नयाँ ऋणपत्र धनीको दस्तखतको साथै पछाडीको भागमा यस बैंकबाट दस्तखत प्रमाणित भएको र नागरिकताको प्रमाणपत्र वा अन्य परिचयको श्रोतमा भएको निजको दस्तखतसँग भिडाई धनी यकीन गर्नु पर्दछ । कुनै व्यक्तिको बारेमा कुनै प्रकारको शङ्का भएमा सो सम्बन्धमा कारण देखाई नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागमा सम्पर्क राख्न पठाउनु पर्दछ ।

२. बेच्ने व्यक्तिबाट दरखास्त र कबुलियतनामाको रीतपूर्वकको दुई प्रति दरखास्तका साथ सक्कल ऋणपत्र तथा नागरिकता वा अन्य परिचयको स्रोतको प्रतिलिपि वा छविचित्र लिनु पर्नेछ ।

३. बेच्न आउने अघिल्लो दिनसम्मको ब्याज तथा निजबाट कमिशन दस्तुरको गणना निम्नानुसार गर्नु पर्दछः-

(क) विकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्रको अंकित जम्मा रकम रु.

................ थान दर रु.................... ले रु......................

................ थान दर रु.................... ले रु...................... रु......................

(ख) अन्तिम ब्याज भुक्तानी पाउनु पर्ने मिति र बेच्ने दिनभन्दा

अघिल्लो दिनसम्मको मितिको गणना गर्दा बेच्ने व्यक्तिले

पाउनु पर्ने ब्याज ...... छ ले साँवा रु..................मा

दिन ...... को

(महिनाको ३० दिन र वर्षको ३६० दिनको हिसाबले हुने रकम) रु.....................

(अ) पाउने जम्मा रु.....................

कट्टी गर्नु पर्ने

(ग) नेपाल राष्ट्र बैंकलाई बुझाउनु पर्ने नामसारी दस्तुर रु.१ ।- को टिकट

(घ) लिनु पर्ने कमिशन रु. ............... मा .........% ले रु........................

(ङ) अग्रिम आयकर (......................... % ले) रु........................

(बेच्ने दिनको अघिल्लो दिनसम्म पाउने ब्याज बापतको रकमबाट)

(च) कट्टा गरिएको आयकर आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(आ) जम्मा कट्टि रकम रु.......................

(अ)- (आ) कुल भुक्तानी दिनु पर्ने रु........................

(अक्षरेपि रुपैंया ............................................................... )

४. उपरोक्त प्रकृयाबाट खरिद भएको बचतपत्र र सोको ब्याज भुक्तानी पुर्जा नेपाल राष्ट्र बैंकमा आफ्नो विशेष खातामा राख्न निवेदन फाराम दस्तखत गरी पठाउनु पर्दछ ।

५. उपरोक्तानुसार गणनाको आधारमा निजलाई नगद वा चेकबाट भुक्तानी दिनु पर्दछ ।

तयार पार्ने | चेक गर्ने | अधिकृत